# माडी गाउँपालिका
# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति-२०७७/११/२५ गते

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

समाजमा भईरहेको तथा हुन सक्ने सम्भावित लैङ्गिक हिंसालाई निवारण गर्न लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ दफा ३ ख. बमोजिम स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न वान्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी माडी गाउँपालिकाले यो कोष सञ्चालन सम्बन्धी कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ९ बमोजिमको उद्धार तथा राहत समिति सम्झनुपर्छ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ।

**३. कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार संघ, तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) माडी गाउँपालिकाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

**४. कोषमा रकम जम्मा गर्ने :**

लैङ्गिक हिंसा निवारणका लागि गाउँपालिकाले बार्षिक रुपमा तोके बमोजिमको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको खाता सञ्चालनः**

(१) कोषलाई प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

६. **कोषको रकम खर्च गर्ने विधि :** हिंसा पीडित तथा प्रभावितहरुका लागि कोषको रकम उद्धार तथा राहत समितिले गरेको निर्णयका आधारमा मात्र खर्च गरिनेछ । समितिले निश्चित रकम सम्म सोझै भुक्तानी दिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन समेत गर्न सक्नेछ ।

७. **कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडित/प्रभावितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालीन सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न,

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) पीडितलाई कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा प्रदान गर्न,

(च) हिंसा पीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(छ) पीडितलाई पुनर्स्थापना गराउन,

(ज) पीडितको लागि यातायात खर्च,

(झ) पीडितको लागि उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उद्धार तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

८. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा ७ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

९. **उद्धार तथा राहत समितिको गठन :** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपालिकामा उद्धार तथा राहत समिति रहनेछ ।

(२) उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि - सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख/प्रतिनिधि - सदस्य

(च) गाउँ कार्यपालिका महिला सदस्य एक जना

(छ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी

संस्थाहरु मध्येबाट उद्धार तथा राहत समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना - सदस्य

(ज) गाउँपालिका स्तरको महिला सञ्जालको प्रमुख/प्रतिनिधि -सदस्य

(झ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य -सचिव

माथि उल्लेख गरिएभन्दा बाहेक आवश्यकता अनुसार समितिको आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(३) उद्धार तथा राहत समितिको बैठक कम्तीमा २ महिनामा एकपटक तथा आवश्यकता अनुसार बस्न सक्नेछ ।

१०. **उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :** उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) गाउँपालिका स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा अन्त्यका लागि समुदाय स्तरमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा हिंसा प्रभावितहरुका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कोष वृद्धिका लागि विभिन्न रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(च) कोष वृद्धिको लागि संघसंस्था, सहकारी, दातृ निकाय तथा अन्य निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

(छ) कोषको बारेमा समुदायस्तर सम्म सुचना पुऱ्याई हिंसा पीडितहरुका लागि अधिकतम प्रयोग गर्ने ।

११. **राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउँदा देहायको आधारमा रकममा नबढ्ने गरी उपलव्ध गराईनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत र बास बस्नुपर्ने भए सो वापत नियमानुसारको रकम उपलव्ध गराउने ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलव्ध गराउने ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराउने र कानून व्यवसायी राख्नुपर्ने भएमा समितिले जिल्ला बार एसोसिएसन र जिल्ला अदालतमा वैतनिक वकिलका लागि सिफारिस गर्ने ।

(घ) हिंसाबाट पीडित वा प्रभावित भई जीविकोपार्जनका लागि अरु कुनै विकल्प नभएका महिलाहरुलाई आयआर्जनका लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया उपलब्ध गराउने ।

(ङ) हिंसा पीडित महिलाहरुको पुर्नस्थापनाको लागि बढीमा १० दिन सम्मको खाना, खाजा र वासको लागि लाग्ने खर्चको लागि जम्मा पाँच हजार रुपैयाँ उपलब्ध गराउने ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृया :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा उद्धार तथा राहत समितिले दफा (११) को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा उद्धार तथा राहत समितिको संयोजको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतले कोषबाट रु १०,०००।-(रु. दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्ने छ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी उद्धार तथा राहत समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने उद्धार तथा राहत समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. कोषमा रकम थप गर्ने :**

(१) गाउँपालिकाबाट कोषको लागि गाउँ सभाबाट वार्षिक रुपमा कम्तिमा दुई लाख रुपैया नघट्ने गरी रकम थप गर्ने व्यवस्था मिलाइनेछ ।

(२) गाउँपालिका भित्र वा वाहिर रहेका संघसंस्थाहरुसँग कोषमा रकम थप गर्न आव्हान गरिनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१६. **प्रतिवेदन पेश गर्ने:**

(१) उद्धार तथा राहत समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

१७. **बैठक भत्ता:** उद्धार तथा राहत समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१८. **निर्देशन दिन सक्ने:** (१) कार्यपालिकाले उद्धार तथा राहत समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसूची : १

**(दफा १२ को उपदफा (१) सँग सम्वन्धित)**

श्री संयोजक ज्यू,
लैङ्गिक हिंसा निवारण
कोष उद्धार तथा राहत समिति, माडी गाउँपालिका, रोल्पा ।

विषय : सहयोग उपलव्ध गराई पाउँ ।

उपर्युक्त विषयमा म माडी गाउँपालिका वडा नं.....मा बस्ने वर्ष.......को...............................मिति...........................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको र म उपर लैङ्गिक हिंसा (.......................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य.............. कामको लागि सहयोगको आवश्यकता परेको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको :
नामथर :
ठेगाना :
दस्तखत :
मिति :